# प्रसौनी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
प्रसौनी, बारा
मधेश प्रदेश, नेपाल

प्रसौनी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय प्रसौनी, बारा मधेश प्रदेश, नेपाल २०७४

पत्र संख्या : २०७८/०७९
चलानी नं : ११२८

मिति : २०७८/११/०२

**विषय: कागजात उपलब्ध गराउने बारे।**

**श्री सहकारी संस्थाहरु, सबै,**
**प्रसौनी गाउँपालिका, बारा।**

प्रस्तुत विषयमा सहकारी ऐन, २०७४ को दफा ७५ को उपदफा १ बमोजिम सहकारी संस्थाहरुले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले **३ (तीन) महिना** भित्र प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त लेखापरिक्षक द्वारा लेखापरिक्षण र सोहि ऐनको दफा ३९ को उपदफा २ बमोजिम सहकारी संस्थाहरुले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले **६ (छ) महिना** भित्र साधारण सभा गराउनु पर्नेछ भनि व्यवस्था रहेको व्यहोराबाट अवगत नै हुनुहुन्छ। तत् व्यवस्था अनुसार देहाय बमोजिमका कागजातहरु यथाशीघ्र यस कार्यालयको **सहकारी शाखामा** उपलब्ध गराउनुहुन आदेशानुसार अनुरोध छ।

**देहाय**

१. यस आर्थिक वर्षको वार्षिक साधारण सभाको निर्णयहरुका प्रमाणित प्रतिलिपि।
२. आर्थिक वर्ष २०७७/७८ सम्मको लेखापरिक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि।
३. आर्थिक वर्ष २०७७/७८ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
४. संस्थाको लेटरप्याडमा कागजातहरु संलग्न गरि पठाईएको विषयमा लेखिएको पत्र।

***नोट:*** यथाशीघ्र कागजातहरु उपलब्ध नगराउने सहकारी संस्थाहरुलाई प्रचलित कानून बमोजिम कारवाही गरिनेछ।

२०७८/११/०२
सुनिल प्रसाद केशरी
प्रमुख प्रशासकीय अधिकृत

सुनिल प्रसाद केशरी
प्रमुख प्रशासकिय अधिकृत

**बोधार्थ:**
श्री वडा कार्यालयहरु, सबै। - आवश्यक समन्वय गरिदिनुहुन।
श्री सूचना तथा प्रविधि शाखा। - वेबसाईटमा अपलोड गरिदिनुहुन।